# रौतहट जिल्लाको बंकुलमा निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडद्वारा

# व्यवसायिक तरकारी खेती तालिम सम्पन्न




काठमाण्डौं नक्सालमा केन्द्रीय कार्यालय रहेको निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडले संस्थाका आफना ३० जना ग्राहक सदस्यहरुको सहभागितामा २०७५ पौष १३ गतेदेखि १५ गतेसम्म रौतहट .जिल्लाको बंकुलमा **"व्यवसायिक तरकारी खेती तालिम"** सम्पन्न गरेको संस्थाका बसन्तपट्टी शाखा कार्यालयका शाखा प्रमुख श्री मकबुल खानले जानकारी गराएका थिए । यस तालिममा प्रशिक्षकहरु श्री बिकास कुमार साह, श्री प्रदिप कुमार साह, श्री राजेश यादव  र श्री समसुल हक मियां दर्जी रहेका थिए ।

एक परिवारमा एक जना उद्यमी बनाउन संस्थाले पहल गरी रहेको, संस्थाले साढे दुई दशकदेखि निरन्तर लघुवित्त सेवा दिई रहेको यस संस्थाबाट कर्जा लिई व्यवसाय गरी धेरै घरपरिवार आर्थिक समुन्नततिर अगाडि बढेको समेत संस्थाका कार्यक्रम अधिकृत श्री हरेराम राउतले बताएका थिए । तालिममा सहभागीहरुलाई स्वागत गर्नुका साथै तालिमको उद्देश्य बारेमा संस्थाको बसन्तपट्टी शाखा कार्यालयका प्रमुख श्री मकबुल खानले प्रकाश पारेका थिए ।

तलिममा तरकारी खेतीको महत्व,उद्धेश्य र सञ्चालन प्रक्रिया ,सहभागीहरुको पुर्व अनुभव र हालको अपेक्षा,यसको विकास र संभावना ,तरकारी खेतीका तरीकाहरु,बिउबिजन छनौट गर्दा ध्यान दिनु पर्ने कुराहरु ,सिचाईको उपयुक्त समय ,मलखाद तथा विषादी सम्बन्धी जानकारी ,तरकारीमा लाग्ने किराहरु तथा तिनका सामाधानका उपायहरु र आर्गेनिक खेती को सम्बन्धी विषयहरुमा प्रशिक्षकहरुले तालिम दिएका थिए ।  तथा बचतको महत्व तथा संस्थाको पब्लिक डिपोजिटको बारेमा, संस्थाका सेवाहरुको आदि बारेमा यस तालिममा सहभागीहरुले जानकारी हासिल गर्ने बसन्तपट्टी शाखाका शाखा प्रमुख श्री मकबुल खानले बताएका थिए ।

निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड ७ वटै प्रदेशका देशको ७७ वटै जिल्लाहरुको शाखा संञ्जाल रहेको नेपालको एक मात्र सबैभन्दा ठूलो लघुवित्त संस्थाहो । संस्थाले १८१ वटाशाखाहरु, १० वटा क्षेत्रीय कार्यालय र केन्द्रीय कार्यालय गरी १९२ वटा कार्यालयहरुको स्थापना गरी संस्थाले लघुवित्त सेवा पुर्‍याई रहेको छ । संस्थाले ग्रामीण क्षेत्रमा बसोबास गर्ने शोषित, उत्पिडित, पिछडिएका विपन्न परिवारका महिलाहरुलाई समूहमा आवद्ध गराई विनाधितो लगानी गर्नुका साथै सीपमूलक तालिम, उद्यमशीलता विकास तालिम, सचेतनामूलक कार्यक्रमहरु संचालनगर्दै आर्थिक, सामाजिक, बौद्धिक विकास गर्दै आई रहेको छ । यस संस्थाले देशको कुनाकुनामा शाखाहरु स्थापना गरी ग्राहक सदस्यहरुलाई सीप विकास तालिम प्रदान गर्दै आई रहेको छ साथै तालिम लिएका सदस्यहरुलाई आवश्यकतानुसार लगानी समेत गर्दै आई रहेको छ ।संस्थाले २०७५ मंसिर मसान्तसम्ममा ३ लाख ३३ हजार १४१ घरपरिवारहरुमा सेवा विस्तार गरेको छ । संस्थाले २०७५ मंसिर मसान्तसम्ममा लगानीमा रहेको कर्जा रु. १६ अरब ५२ करोड ४३ लाख रहेको छ भने ग्राहक सदस्यहरुका ९ अरब ३३ करोड ४२ लाख बचत परिचालन गरेको छ । तरकारी खेती र च्याउ खेती गरी

रहेकार गर्न ईच्छुक संस्थाका ग्राहक सदस्यहरुलाई थप ज्ञान, सीप प्रदान गर्न यस तालिममा सहभागी गराईएको संस्थाका बसन्तपट्टी शाखाका शाखा प्रमुख श्री मकबुल खानले जानकारी गराएका थिए ।

तालिमको अन्त्यमा तालिमको  सहभागी श्री रीता देवी सहभागी र श्री ललिता देवीले मन्तब्य राखेका थिए । ब्यवसायिक रुपमा तरकारी खेती र च्याउ खेती गरेमा राम्रो फाईदा लिन तालिमले सहयोग गर्ने सहभागीहरुले बताएका थिए । तरकारी खेती गरी रहेका गर्न ईच्छुक संस्थाका ग्राहक सदस्यहरुलाई थप ज्ञान, सीप प्रदान गर्न यस तालिममा सहभागी गराईएको संस्थाका कार्यक्रम अधिकृत श्री हरेराम राउतले जानकारी गराएका थिए । तालिमको संचालन बसन्तपट्टी शाखाका प्रमुख मकबुल खानले गरेका थिए ।